नेपाल सरकार
शिक्षा मन्त्रालय

# बुलेटिन

BULLETIN
दोस्रो चौमासिक

२०७० मङ्सिर-फागुन वर्ष १ अङ्क २ Year 1 Issue 2 Nov 2013-March 2014

## प्रकाशकीय

२०७० सालको दोस्रो चौमासिक अवधिको मुख्य उल्लेखनीय कार्य विद्यालय शिक्षक किताबखानामा क्षतिपूर्तिसहितको नागरिक बडापत्रको थालनी हो । शिक्षासँग सम्बन्धित विभिन्न सेवालाई प्रभावकारी रूपमा सरोकारवालालाई उपलब्ध गराउन विद्यालय शिक्षक किताबखानामा क्षतिपूर्तिसहितको नागरिक बडापत्र फागुन महिनाबाट कार्यान्वयनमा आएको छ । शिक्षा मन्त्रालय र अन्तर्गतको निकायमा पहिलो पटक यस किसिमको बडापत्र सुरुवात भएको हो । यसबाट शिक्षक सेवामा लामो अवधि कार्य गरी अवकाश लिनु भएका शिक्षकहरूको निवृत्तिभरण र उपदान सम्बन्धी कामहरू प्रभावकारी ढङ्गले सम्पादन भई सेवाग्राहीले समयमा नै सेवा प्राप्त गर्ने कुरामा मन्त्रालयले विश्वास लिएको छ। शिक्षक किताबखानाबाट थालनी भएको यो कार्य शिक्षा मन्त्रालय र सो अन्तर्गतका सबै निकायमा विस्तार भई सेवाग्राहीले पाउने सेवाको सुनिश्चितता हुन सकेमा शिक्षा मन्त्रालयको सेवा प्रवाहमा नयाँ आयामको थालनी हुनेछ।

पारदर्शिता शिक्षामा सुशासन कायम गर्ने महत्वपूर्ण तत्व हो । पारदर्शिताका लागि नागरिक बडापत्र, बुलेटिन, मिडिया परिचालन, प्रेसमिट, वेबसाइट सञ्चालन तथा अद्यावधिक जस्ता कार्य गर्नु अतिआवश्यक हुन्छ । यस कुरालाई ध्यान दिदै शिक्षा मन्त्रालय आफ्नो प्रयासलाई सरोकारवाला सामु बुलेटिनको माध्यमबाट प्रस्तुत गर्दै आएको छ । शिक्षा मन्त्रालयका गतिविधिबारे सूचनाबाट सुसूचित हुन पाउने नागरिक अधिकारलाई सुनिश्चितता गर्न यो दोस्रो बुलेटिन सहायक हुन सक्ने कुरामा विश्वास राख्दै सिर्जनात्मक सुझावको अपेक्षा गर्दछौं।

## यसभित्र

| शीर्षक | पृष्ठ |
|---|---|
| ➢ शिक्षा मन्त्रालयका विशेष गतिविधि | २ |
| १. शिक्षा मन्त्रीमा माननीय चित्रलेखा यादवको पद बहाली | |
| २. शिक्षा मन्त्रालयको नयाँ सङ्गठन पुन: संरचना सम्पन्न | |
| ➢ शिक्षा मन्त्रालयका शाखागत गतिविधि | ३-६ |
| १. योजना, कार्यक्रम तथा बजेट (विद्यालय शिक्षा) शाखा | |
| २. नीति निर्धारण समितिको सचिवालय | |
| ३. कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा | |
| ४. वैदेशिक अध्ययन अनुमति पत्र व्यवस्थापन शाखा | |
| ५. शासकीय सुधार तथा निरीक्षण शाखा | |
| ६. सञ्चार (मिडिया) समन्वय शाखा | |
| ७. जनगुनासो व्यवस्थापन शाखा | |
| ८. वैदेशिक समन्वय शाखा (विद्यालय शिक्षा) | |
| ९. छात्रवृत्ति शाखा | |
| १०. कानुन तथा फैसला कार्यान्वयन शाखा | |
| ११. आर्थिक प्रशासन शाखा | |
| ➢ समिति/कार्यदल गठन | ६ |
| १. चिकित्सा विज्ञान सम्बन्धी विश्व विद्यालयको सम्भाव्यता अध्ययन कार्यदल | |
| २. मेडिकल कलेज उच्चस्तरीय राष्ट्रिय मापदण्ड सिफारिस समिति | |
| ➢ कर्मचारी सम्बन्धी गतिविधि | ७ |
| १. सरुवा सम्बन्धी विवरण | |
| २. बढुवा भएका सहसचिव कर्मचारीहरूको विवरण | |
| ३. तालिम, गोष्ठी तथा अध्ययनमा कर्मचारीहरूको सहभागिता | |
| ४. वैदेशिक भ्रमणमा सहभागिता | |
| ➢ ऐन/नियम/निर्देशिका/परिपत्र/कार्य विवरण आदि जारी | ८ |
| ➢ अध्ययन, अनुसन्धान तथा भ्रमण प्रतिवेदन | ८-११ |
| १. कक्षा ३ र ५ का विद्यार्थीको राष्ट्रिय औसत उपलब्धि | |
| २. विद्यालय बाहिर रहेका बालबालिका | |

| | |
|---|---|
| ➢ शिक्षा मन्त्रालयको दोस्रो चौमासिक प्रगति विवरण | १२ |

# शिक्षा मन्त्रालयका विशेष गतिविधि



## १. शिक्षामन्त्रीमा माननीय चित्रलेखा यादवको पद बहाली

संविधानसभा निर्वाचन, २०७० सम्पन्न पश्चात जननिर्वाचित राजनीतिक दलको सरकार गठन भए लगत्तै माननीय चित्रलेखा यादव नेपालको शिक्षामन्त्रीमा नियुक्त भई मिति २०७०।११।१३ गते पद बहाली गर्नु भयो। शिक्षा मन्त्रालयले उहाँलाई शिक्षा मन्त्रालयमा हार्दिक स्वागत गर्दै शिक्षा मन्त्रालयका गतिविधिका बारेमा जानाकारी (Briefing) गराएको थियो। त्यसैगरी शिक्षा मन्त्रालयका विभागीय स्तरका निकायहरूले शिक्षा विभागमा एक कार्यक्रमको आयोजना गरी आ-आफ्ना कार्यालयका काम, कर्तव्य र गतिविधिका बारेमा जानकारी गराएका थिए।

## २. शिक्षा मन्त्रालयको नयाँ सङ्गठन पुन: संरचना सम्पन्न

निजामती सेवा ऐन, २०४९ को दफा २४घ १ प्रावधान बमोजिम बढुवा भएका कर्मचारीहरूको पद स्थापना तथा समायोजन गर्न निजामती सेवा ऐन, (तेस्रो संशोधन) अध्यादेश, २०६९ मा व्यवस्था भए बमोजिम शिक्षा मन्त्रालयले थप दरबन्दी स्वीकृत गरी शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूमा आवश्यक दरबन्दी सिर्जना र सङ्गठन पुन:संरचना गरी समायोजन तथा पदस्थापना कार्य सम्पन्न गरेको छ। नयाँ सङ्गठन पुन:संरचना अनुसार शिक्षा मन्त्रालयमा कायम भएका महाशाखा र अन्तर्गतका शाखाहरूको विवरण यस प्रकार छ:

| महाशाखाको नाम र सम्पर्क नम्बर | शाखाको नाम | शाखाको सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|
| प्रशासन महाशाखा (सा.प्र., रा.प.प्र. १)<br>सहसचिव श्री गणेशप्रसाद ज्ञवाली<br>४२००३५६ | १. कर्मचारी प्रशासन तथा जनशक्ति विकास | ४२००३७९, ४२११९९० | |
| | २. आर्थिक प्रशासन | ४२००३६० | |
| | ३. कानुन तथा फैसला कार्यान्वयन | ४२११९६० | |
| | ४. आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन | ४२००४५३, ४४१८७८० | |
| योजना महाशाखा (शि.प्र., रा.प.प्र.)<br>सहसचिव श्री महाश्रम शर्मा<br>४२००३५७ | १. योजना, कार्यक्रम तथा बजेट (क) (आधारभूत शिक्षा) | ४२००३८३ | |
| | २. योजना, कार्यक्रम तथा बजेट (ख) (उच्च तथा प्राविधिक शिक्षा) | ४२००३८३ | |
| | ३. वैदेशिक सहायता समन्वय(क) (आधारभूत शिक्षा) | ४२००३८१ | |
| | ४. वैदेशिक सहायता समन्वय (ख) (उच्च तथा प्राविधिक शिक्षा) | ४२००३८१ | |
| | ५. अनुसन्धान तथा शैक्षिक मापदण्ड निर्धारण | | |
| | ६. पुस्तकालय समन्वय | ४२११९६४ | |
| | ७. मानव संसाधन विकास तथा परिवर्तन व्यवस्थापन | ४२००३८१ | |
| | ८. राष्ट्रिय स्वयम्सेवा परिचालन | | |
| | ९. अन्तरराष्ट्रिय स्वयम्सेवा परिचालन तथा प्रवेशाज्ञा (भिसा) सिफारिस | | |
| | १०. सञ्चार (मिडिया) समन्वय | ४२११९६४ | |
| | ११. नीति निर्धारण समितिको सचिवालय | ४२११९८३ | |
| | १२. युनेश्को समन्वय | ४४२८१०७, ४४१८७८२ | |
| शैक्षिक व्यवस्थापन महाशाखा (शि.प्र., रा.प.प्र. १)<br>सहसचिव श्री सूर्यप्रसाद गौतम<br>४२००३५८ | १. आधारभूत शिक्षा | ४२११९८५ | |
| | २. माध्यमिक शिक्षा (विद्यमान उच्च माध्यमिक समेत) | ४२११९८५ | |
| | ३. प्रारम्भिक बालबिकास, वैकल्पिक तथा खुला शिक्षा समन्वय | ४२११९८५ | |
| | ४. विद्यालय सम्पत्ति व्यवस्थापन | ४२११९८५ | |
| | ५. उच्च शिक्षा | ४२००३६२ | |
| | ६. प्राविधिक शिक्षा | ४२००३६२ | |
| | ७. शिक्षण संस्था समन्वय | | |
| | ८. छात्रवृत्ति | ४४१८१६९, ४४११७०४ | |
| | ९. शैक्षिक परामर्श तथा प्रमाणीकरण | ४४१८१६९ | |
| | १०. वैदेशिक अध्ययन अनुमति पत्र (नो अब्जेक्सन लेटर) व्यवस्थापन | ४४१८१६९ | |
| अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखा (शि.प्र., रा.प.प्र. १)<br>सहसचिव श्री खगराज बराल<br>४२००३५९ | १. अनुगमन तथा मूल्याङ्कन | ४२००३८२ | |
| | २. कार्यक्रम अनुगमन समन्वय | ४२००३८२ | |
| | ३. शैक्षिक सूचना व्यवस्थापन | ४२००३८७ | |
| | ४. जनगुनासो व्यवस्थापन | ४२००३४० | |
| | ५. सूचना तथा सञ्चार प्रविधि | ४२००३८७ | |
| | ६. शासकीय सुधार तथा निरीक्षण | ४२००३४० | |
| | ७. पोषण तथा खाद्य सुरक्षा अनुगमन | | |
| शैक्षिक गुणस्तर परीक्षण केन्द्र (शि.प्र., रा.प.प्र. १)<br>सहसचिव श्री हरिप्रसाद लम्साल<br>६६३९५५७ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ६६३९५५७ | |

# शिक्षा मन्त्रालयका शाखागत गतिविधि

शिक्षा मन्त्रालयका विभिन्न शाखाहरूले दोस्रो चौमासिकमा विभिन्न कार्यहरू सम्पन्न गरेका छन्। तीमध्ये मुख्य मुख्य गतिविधिहरू शाखागत रूपमा देहाय बमोजिम उल्लेख गरिएको छ :

## १. योजना, कार्यक्रम तथा बजेट (विद्यालय शिक्षा) शाखा

क) आर्थिक वर्ष २०७१/०७२ को बजेट सीमा सबै निकायहरूमा पठाई सो अनुसार कार्यक्रम पेस गर्न शिक्षा मन्त्रालय योजना महाशाखाका सहसचिव श्री महाश्रम शर्माको उपस्थितिमा छलफल कार्यक्रम सम्पन्न। उक्त छलफलबाट सबै निकायहरूले आफ्नो कार्यक्रम तथा बजेट तयार गरी समयमै पेस गर्ने निर्णय।

ख) शिक्षा मन्त्रालयको आयोजना र विपद् व्यवस्थापन क्षेत्रमा कार्यरत सङ्घ संस्थाहरूको सहयोगमा सुरक्षित विद्यालय सम्बन्धी वर्तमान नीति तथा अभ्यास र आगामी कार्यदिशाबारे विपद् व्यवस्थान सम्बन्धी कार्यशाला सम्पन्न।

## २. नीति निर्धारण समितिको सचिवालय

क) प्रारम्भिक कक्षाका (१-३ कक्षा) बालबालिकाको पढाइ सिप विकास गर्ने कार्यक्रम (National Early Grade Reading Program- NEGRP) अन्तर्गत ती कक्षाका बालबालिकाको पढाइ सिपको अवस्था पहिचान गर्न शिक्षा मन्त्रालयको संयोजन, युएसआइडी (USAID), आरटीआई इन्टरनेशनल (RTI International) र न्यु एरा (New Era) को प्राविधिक सहयोगमा गत पौष महिनामा गरिएको शैक्षिक अवलोकन अध्ययन तथा शैक्षिक व्यवस्थापन प्रभावकारिता सर्वेक्षण (Teacher Observation Study and Educational Management Efficiency Survey) को प्रारम्भिक प्रतिवेदन सम्बन्धमा शिक्षा मन्त्रालयमा मिति २०७०।११।२३ गतेका दिन छलफल अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

प्रारम्भिक कक्षाका बालबालिकाको पढाइ सिप परीक्षण गर्न हिमाल, पहाड र तराई गरी ३३ जिल्ला छनौट गरिएको थियो। यी जिल्लाहरूमा बझाङ, बाजुरा, हुम्ला, सिन्धुपाल्चोक, सोलुखुम्बु, अछाम, बैतडी, दैलेख, प्युठान, गुल्मी, पाल्पा, स्याङ्‌जा, काभ्रेपलान्चोक, सिन्धुली, ओखलढुङगा, उदयपुर, भक्तपुर, काठमाडौं, ललितपुर, कञ्चनपुर, बाँके, बर्दिया, कपिलवस्तु, नवलपरासी, बारा, चितवन, धनुषा, महोत्तरी, रौतहट, सर्लाही, मोरङ, सप्तरी र सिरहा रहेका छन्।

ख) सिप विकास परियोजना अन्तर्गत परियोजना कार्यान्वयन इकाइबाट विराटनगर र नेपालगन्जमा मिति २०७०।०६।१८ गते रोजगारदाता एवम् तालिम प्रदायक संस्थाहरूसँग हाल नेपालमा सञ्चालनमा रहेका तालिमहरूको विद्यमान समस्या, चुनौती र नेपाल तथा अन्तरराष्ट्रिय बजारमा माग भएका तालिमहरू सम्बन्धी विषयक १ दिने गोष्ठी सञ्चालन भएको। ६ ओटा क्षेत्रमा गरी १८,००० बेरोजगार व्यक्तिहरूलाई सिपमूलक तालिम प्रदान गर्न आशयपत्र माग गरी सकिएको साथै उक्त आशयपत्रको मूल्याङ्कन कार्य जारी रहेको र सुदूर पश्चिम विकास क्षेत्रको लागि ६ ओटा संस्थाहरू संक्षिप्त सूचीमा परिसकेको। १६ जना सिभिल इन्जिनियरिङ् प्रशिक्षकहरूलाई पुल्चोक इन्जिनियरिङ् कलेजमा टोटल स्टेसन सर्वे (Total Station Survey) सम्बन्धी ९ दिने सिप अभिवृद्धि तालिम प्रदान।

मिति २०७० पौष १० देखि २०७० पौष २१ गतेसम्म बुटवल महोत्सवमा सर्वसाधरणलाई सिप विकास परियोजनाको तालिम कार्यक्रम सम्बन्धी जानकारी गराउन स्टल राखिएको र सो मेलामा उक्त स्टलमा उल्लेख्य सहभागी भएको।

## ३. कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा

क) शिक्षा मन्त्रालय र अन्तरगत निकायहरूबाट निजामती सेवा ऐन, २०४९ को साविक दफा २४घ१ को व्यवस्था बमोजिम कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका विभिन्न सेवा, समूह र उपसमूहमा कार्यरत निजामती कर्मचारीहरूलाई निजामती सेवा (तेश्रो संशोधन) ऐन, २०४९ को दफा २४घ१ (ख) को उपदफा १ बमोजिम समायोजन गरी पदस्थापना गर्ने कार्य सम्पन्न।

ख) शिक्षा मन्त्रालयमा पदस्थापना भएका सबै कर्मचारीहरूको शाखागत कार्य विवरण मिति २०७०।८।३०मा स्वीकृत गरी जिम्मेवारी दिइसकेको र मातहतका केन्द्रीय निकायहरूको शाखागत कार्यविवरण स्वीकृत गरी पठाई सकिएको।

## ४. वैदेशिक अध्ययन अनुमति पत्र व्यवस्थापन शाखा

यस शाखाले २०७० मंसिर १ गते देखि २०७० फाल्गुण मसान्तसम्ममा निम्न अनुसारको देश र सङ्ख्यामा वैदेशिक अध्ययन तथा वैदेशिक मुद्रा सहटीको लागि अनुमति पत्र प्रदान गरेको छ। यसबाट राजस्व वापत रु. २,२९,९४,०००।- सङ्कलन भएको छ। अनुमति पत्र दिइएका देश र सङ्ख्या निम्नानुसार छ :

| क्र.सं | देश | वि.सङख्या | क्र.सं. | देश | वि.सङख्या | क्र.सङख्या | देश | वि.सङख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | अर्मेनिया | १ | १६ | आयरल्याण्ड | ६६ | ३१ | स्कटल्याण्ड | २ |
| २ | अष्ट्रेलिया | ५६१८ | १७ | इटाली | १ | ३२ | सिंगापुर | ८ |
| ३ | अष्ट्रिया | १ | १८ | जापान | ३१२० | ३३ | अफ्रिका | ८ |
| ४ | बंगलादेश | ३१९ | १९ | लिथुवानीया | १६ | ३४ | कोरिया | ४४ |
| ५ | बेल्जीयम | १ | २० | मलेशिया | २७५ | ३५ | स्पेन | ९ |
| ६ | क्यानाडा | २२ | २१ | मौरीटियस | ९ | ३६ | स्वीजरल्याण्ड | १६ |
| ७ | चिन | २३८ | २२ | नेदरल्याण्डस् | ६ | ३७ | ताइवान | १ |
| ८ | कोष्टारिका | १ | २३ | न्युजिल्याण्ड | ४९ | ३८ | थाइल्याण्ड | २७ |
| ९ | साइप्रस | १ | २४ | नर्वे | ९ | ३९ | टर्की | ३५ |
| १० | डेनमार्क | ६६ | २५ | पाकिस्तान | ५ | ४० | यु.ए.इ. | १३ |

| क्र.सं | देश | वि.सङ्ख्या | क्र.सं. | देश | वि.सङ्ख्या | क्र.सङ्ख्या | देश | वि.सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| ११ | फिनल्याण्ड | २ | २६ | फिलिपिन्स | ४७ | ४१ | यु.के. | १२० |
| १२ | फ्रान्स | ५ | २७ | पोल्याण्ड | ५ | ४२ | युक्रेन | ४ |
| १३ | जर्मनी | ९१ | २८ | पोर्चुगल | १ | ४३ | यु.एस.ए. | ३०६ |
| १४ | ग्रीस | १७ | २९ | रुस | १५ | | जम्मा | १०९९७ |
| १५ | भारत | ३७७ | ३० | साउदी अरेबिया | २० | | | |

### ५. शासकीय सुधार तथा निरीक्षण शाखा

यस शाखाले आर्थिक वर्ष २०६९।०७० को सम्पत्ति विवरण नबुझाउने शिक्षकको विवरण सङ्कलनका लागि पत्राचार गरेको र राष्ट्रिय सतर्कता केन्द्रलाई राहत कोटा सम्बन्धी जानकारी उपलब्ध गराएको।

### ६. सञ्चार (मिडिया) समन्वय शाखा

प्रत्येक महिना सूचना तथा सञ्चार मन्त्रालयद्वारा आयोजना गरिएका पत्रकार प्रवक्ता अन्तरक्रिया कार्यक्रममा सहभागी भई शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूद्वारा सम्पादन गरिएका मुख्य कार्यहरूको प्रेस नोट वितरण गरी उक्त कार्यहरूको बारेमा प्रकाश पारिएको। सूचना माग गर्ने सरोकारवालालाई सूचना संप्रेषण गरिएको।

### ७. जनगुनासो व्यवस्थापन शाखा

(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनगुनासो व्यवस्थापन शाखाबाट अनलाइन मार्फत प्राप्त जनगुनासो सङ्ख्या ६१ मध्ये ५२ ओटा फछ्यौंट गरी ९ ओटाको काम हुँदै गरेको।

(ख) शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूमा आएका जनगुनासो र जिज्ञासाहरूको विभिन्न विभागीय कार्यालय र संस्थाहरूबाट जानकारी लिई गुनासोकर्तालाई आवश्यक जानकारी उपलब्ध गराइएको र मातहतका कार्यालय र निकायहरूलाई पत्राचार र टेलिफोनबाट समस्या समाधानका लागि निर्देशन गरिएको।

### ८. वैदेशिक समन्वय शाखा (विद्यालय शिक्षा)

१. नेपालले अन्तरराष्ट्रिय मञ्चमा प्रतिबद्धता जनाई कार्यान्वयनमा ल्याएको कार्यक्रम "सबैका लागि शिक्षा (२००१-०१५)" अवधि समाप्त हुन लागेकाले यसको समीक्षा गर्न इफए रिभ्यु नेसनल कोअर्डिनेसन समिति (EFA Review National Coordination Committee) गठन भई शिक्षा मन्त्रालय र युनेस्को, नेपालको संयुक्त आयोजनामा २०७० पौष १ र २ गते विभिन्न सरोकारवालाहरूको उपस्थितिमा होटल अन्नपूर्ण, दरबारमार्गमा समीक्षा लगायत भावी रणनीति (सन् २०१५ पछि) का सम्बन्धमा पनि व्यापक छलफल भएको।

२. विद्यालय क्षेत्र सुधार कार्यक्रमको क्षेत्रगत दस्तावेज (SWAp Document) लाई थप दुई वर्षका लागि विस्तार (Extension) गर्न दातृ निकाय तथा सरोकारवाला निकायको समेत सहभागितामा संयुक्त प्राविधिक साहायता समूह (Joint Technical Support Team) र विभिन्न ८ शीर्षकमा विषयगत समूह (Thematic Team) गठन तथा विभिन्न चरणका छलफल र फिल्ड भिजिटबाट सङ्कलन गरिएका सुझाव तथा प्रतिक्रयाहरूलाई समेत समावेश गरी तयार पारिएको एसएसआरपी एक्स्टेन्सन (SSRP Extension) दस्तावेज उपर राष्ट्रिय योजना आयोग र अर्थमन्त्रालयको सहमति प्राप्त भई शिक्षा मन्त्रालयको मिति २०७०।११।१३ को (माननीय मन्त्रीस्तरीय) निर्णयानुसार सैद्धान्तिक रूपमा स्वीकृत समेत भईसकेको।

३. मिति २०७० फागुन १४ गते तदानुसार फेब्रुअरी २६, २०१४ मा शिक्षा मन्त्रालय र अन्तर्गतका विभागीय प्रमुखहरू तथा दातृ निकायका प्रमुख, प्रतिनिधिहरूको सहभागितामा ज्वाइन्ट क्वाटरर्ली मिटिङ (Joint Quarterly Meeting - JQM) सम्पन्न। उक्त संयुक्त बैठकमा विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयनको अवस्था र थप प्रभावकारी बनाउने सन्दर्भमा व्यापक छलफल भएको।

### ९. छात्रवृत्ति शाखा

नेपाल सरकारलाई विभिन्न शिक्षण संस्थाहरूबाट प्राप्त एमविविएसतर्फको छात्रवृत्ति कोटामा यही पौष १३ गतेको परीक्षामा सम्मिलित भई उत्तीर्ण भई योग्यताक्रम कायम भएका विद्यार्थीहरू मध्येबाट गत माघ महिनामा त्रिभुवन विश्व विद्यालय अन्तर्गतका शिक्षण संस्थाहरूबाट प्राप्त ७१ ओटा कोटामा विद्यार्थी छात्रवृत्ति छनौट सम्बन्धी नियमावली अनुसार आरक्षण प्रतिसत समेत छुट्याईएको, जसमा ३९ जना साधारण तर्फबाट र ३२ जना आरक्षण तर्फबाट मनोनयन गरी पठाई सकिएको।

त्यस्तै, विडिएसतर्फ नेपाल सरकारलाई प्राप्त जम्मा २६ ओटा कोटामा पौष महिनामा लिईएको परीक्षाको योग्यता क्रमकै आधारमा इच्छुक विद्यार्थीहरूले कलेजको प्राथमिकता क्रमको आधारमा दिएको आवेदनको आधारमा १४ ओटा साधारण र १२ ओटा आरक्षणको कोटामा सिफारिस गरी पठाउनु पर्नेमा आरक्षणको कोटा अन्तर्गत दुर्गम कोटाको लागि छुटयाएको कोटामा आवेदन पर्न नसकेकाले छात्रवृत्ति छनौट सम्बन्धी नियमावली २०६० (संशोधन सहित) कै आधारमा रिक्त कोटा साधारण समूहमा परिणत गरी विद्यार्थी मनोनयन गरी पठाई सकिएको।

नेपाल सरकारलाई विभिन्न शिक्षण संस्थाहरूबाट प्राप्त विएस्सी नर्सिङ तर्फको प्राप्त १७ कोटाको लागि विद्यार्थी मनोनयनको प्रक्रिया समाप्त भईसकेको। उक्त कोटामा पनि मधेसी तर्फको कोटामा पर्याप्त आवेदन पर्न नसकेको र परेको आवेदनमा पनि छुट्चाईएको कोटामा विद्यार्थीहरू पढ्न असमर्थता जनाई राजीनामा दिएको हुँदा सो कोटा साधारण समूहमा परिणत गरी साधारण समूहमा रहेका योग्यताक्रमको आधारमा रहेका वैकल्पिक उम्मेदवारलाई मनोनयन गरिएको।

शिक्षा मन्त्रालयमा प्राप्त हुन आएको वि.एन., वि.फर्मा., वि.पि.एच., वि.ए.एम.एस., वि.एम.आई.टी., वि.एम.एल.टी, वि.एस्सी फरेष्टी तर्फको कोटाका लागि फाल्गुन ६ गते दरखास्त आहवान गरी परीक्षा सञ्चालन गरी नतिजा प्रकासन गरिएको।

वैदेशिक कोटा अन्तर्गत नेपाल सरकारलाई चीन सरकारबाट प्राप्त स्नातकोत्तर तहको २७ ओटा कोटाका लागि दरखास्त आहवान गरिएको छ।

## १०. कानुन तथा फैसला कार्यान्वयन शाखा

यस शाखाले यस आर्थिक वर्षको दोस्रो चौमासिकमा शिक्षा मन्त्रालयबाट स्वीकृत र जारी भएका निम्न नीतिगत निर्णयहरू पुरा गर्न कानुनी राय सल्लाह र प्रक्रिया पुरा गरेको छ :

क. विद्यालय समायोजन निर्देशिका, २०७०

ख. विद्यार्थी परीक्षणमा बाह्य विज्ञसँग सहकार्य गर्ने निर्देशिका, २०७०

ग. साक्षरतामा विद्यार्थीको सम्लग्नतासम्बन्धी निर्देशिका, २०७०

घ. विद्यालय शिक्षक किताबखानाको क्षतिपूर्ति सहितको नागरिक बडापत्र

ङ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को नियमावली संशोधन

## ११. आर्थिक प्रशासन शाखा

२०७० फागुन महिनासम्मको खर्चको फाँटवारी

बजेट उपशीर्षक नं :- ३५००११३ (साधारण)

| २०७० फागुन महिना | २०७० फागुन महिना | बजेट रकम | बजेट रकम | अन्तिम बजेट महिना | २०७० फागुन | बाँकी | |
|---|---|---|---|---|---|---|---|
| को खर्च | सम्मको निकाशा | नम्बर | | रकम रु. | सम्मको खर्च | बजेट | निकाशा |
| ३,९६४,४८७.९० | ३३,३६१,४५६.०४ | २११११ | तलब | ४९,४९४,०००.०० | ३३,३६१,४५६.०४ | १६,१३२,५४३.९६ | |
| १४५,०००.०० | १,०९३,२००.०० | २१११३ | महगी भत्ता | १,६५१,०००.०० | १,०९३,२००.०० | ५५७,८००.०० | |
| १२,९००.०० | २०५,१००.०० | २१११९ | भत्ता | ५,००,०००.०० | २०५,१००.०० | २९४,९००.०० | |
| | | २११२१ | पोशाक | १,२९०,०००.०० | | १,२९०,०००.०० | |
| १४६,४२८.७० | १,४८१,१३२.२८ | २२१११ | धारा विजुली | २,०००,०००.०० | १,४८१,१३२.२८ | ५१८,८६७.७२ | |
| ३,३१७.०० | ६१५,३१३.९३ | २२११२ | सञ्चार महसुल | १,८००,०००.०० | ६१५,३१३.९३ | १,१८४,६८६.०७ | |
| २०४,६९९.५० | १,३७७,७८१.९४ | २२१२२ | अन्य भाडा | २,४२०,०००.०० | १,३७७,७८१.९४ | १,०४२,२१८.०६ | |
| ४२०,००५.९५ | ३,३३३,६२३.३९ | २२२११ | इन्धन | ३,४६१,०००.०० | ३,३३३,६२३,३९ | १२७,३७६.६१ | |
| - | ३,०८३,७८६.८४ | २२२१२ | सञ्चालन तथा मर्मत | २,८५०,०००.०० | ३,०८३,७८६.८४ | ९२३३,७८६.८४० | |
| ७,२९९.८० | १८०,२९१।६५ | २२२१३ | बीमा | २९२,०००.०० | १८०,२९१.६५ | १११,७०८.३५ | |
| ७,६१५.५० | ४,८२७,५६६,९५ | २२३११ | कार्यालय खर्च | ५,१३०,०००.०० | ४,८२७,५६६.९५ | ३०२,४३३.०५ | |
| १,०५०.०० | २४,९२०।०० | २२३१४ | इन्धन अन्य प्रयोजन | ३५०,०००.०० | २४,९२०.०० | ३२५,०८०.०० | |
| २९९,२२४.०० | ७४९,६२७.५२ | २२३२१ | नि.सा.स.म.स.ख. | १,५००,०००.०० | ७४९,६२७.५२ | ७५०,३७२.४८ | |
| १८४,२३५.०० | १,३०२,९४८.९० | २२४१२ | अन्य सेवा शुल्क | ४,२३७,०००.०० | १,३०२,९४८.९० | २,९३४,०५१.१० | |
| - | - | २२५११ | कर्मचारी तालिम | १,०१०,०००.०० | - | १,०१०,०००.०० | |
| ७००,८३७.०० | १६,७५२,११४.०४ | २२५२२ | कार्यक्रम खर्च | २४,०००,०००.०० | १६,७५२,११४.०४ | ७,२४७,८८५.९६ | |
| १३,४२०.०० | ६६२,१२५.०० | २२६११ | अनुगमन मु.ख. | ७००,०००.०० | ६६२,१२५.०० | ३७,८७५.०० | |
| ६९,२६०.०० | ११४,८६०.०० | २२६१२ | भ्रमण खर्च | ४००,०००.०० | ११४,८६०.०० | २८५,१४०.०० | |
| ४७,६४५.०० | ४८६,३८६.१५ | २२७११ | विविध खर्च | ८००,०००.०० | ४८६,३८६.१५ | ३१३,६१३.८५ | |
| ६४०,०००.०० | ६,७४०,०००.०० | २६४१२ | स.नि.वो.स.स.अ. | १८,७३०,०००.०० | ६,७४०,०००.०० | ११,९९०,०००.०० | |
| २०,०२७,९२२.०० | ७३,४२७,९२२.०० | २६४२३ | पूँजीगत अनुदान | १४२,९७७,९२२.०० | ७३,४२७,९२२.०० | ६९,५५०,०००.०० | |
| २०,०००,०००.०० | ४२,३८४,५००.०० | २७२११ | छात्रवृत्ति | ५५,३१५,०००.०० | ४२,३८४,५००.०० | १२,९३०,५००.०० | |
| ४६,९४५,३४७.३५ | १९२,२०४,६५६.६३ | | जम्मा :- | ३२०,९०७,९२२.०० | १९२,२०४,६५६.६३ | १२८,७०३,२६५.३७ | |
| | | | अर्थ बजेट | | | | |
| - | १,७१३,०२२.४४ | २११११ | सञ्चित विदा | १,७१३,०२२.४४ | १,७१३,०२२.४४ | १,७१३,०२२.४४ | |
| - | १,६९०,६३२.१२ | २११२३ | औषधि उपचार | १,६९०,६३२.१२ | १,६९०,६३२.१२ | १,६९०,६३२.१२ | |
| - | ३,४०३,६५४.५६ | | जम्मा :- | ३,४०३,६५४.५६ | ३,४०३,६५४.५६ | ३,४०३,६५४.५६ | |
| ४६,९४५,३४७.३५ | १९५,६०८,३११.१९ | | कुल जम्मा :- | ३२४,३११,५७६.५६ | १९५,६०८,३११.१९ | १३२,१०६,९१९.९६ | |

| | | | | |
|---|---|---|---|---|
| जम्मा निकासा :- | १९५,६०८,३११.१९ | बैक खाता नं :- | | |
| जम्मा खर्च :- | १९५,६०८,३११.१९ | | | |
| जम्मा खर्च मध्ये पेश्की बाँकी | | बैक मौज्दात :- | | |
| म्याद ननाघेको | ९५६,५००.०० | जम्मा | | |
| पेश्की कटाई बाँकी खर्च :- | १९५,६०३,०११ | | | |

**२०७० साल फागुन सम्मको खर्चको फाँटवारी**
**आ.व. :- २०७०/७१**
**बजेट उपशीर्षक नं. :- ३५०१३३३ (साधारण)**

| २०७० फागुन महिनाको खर्च | २०७० फागुन महिना सम्मको निकाशा | वजेट रकम नम्वर | वजेट रकम | विनियोजित वजेट रकम रु. | २०७० फागुन महिनासम्मको खर्च | बिनियोजनबाट वजेट बाँकी |
|---|---|---|---|---|---|---|
| १७२,३४८.०० | ५,५४९,४७३.६७ | २२५२२ | कार्यक्रम खर्च | ८,०००,०००.०० | ५,५४९,४७३.६७ | २,४५०,५२६.३३ |
| १७१,९३०.०० | १,४२४,१५०.०० | २२६११ | अनुगमन मूल्याङ्कन खर्च | ३,५००,०००,०० | १,४२४,१५०.०० | २,०७५,८५०.०० |
| चालुकोष निकासा | | | | | | |
| ३४४,२७८.०० | ६,९७३,६२३.६७ | | जम्मा :- | ११,५००,०००.०० | ६,९७३,६२३.६७ | ४,५२६,३७६.३३ |
| बैकको नाम :- को.ले.नि.का. | | | | | बैंक खाता नं :- | |
| जम्मा निकासा :- | ६,०७३,६२३.६७ | | | | बजेट बाँकी :- | |
| जम्मा खर्च :- | ६,९७३,६२३.६७ | | | | कर दाखिला गर्नबाँकी रु :- | |
| पेश्की :- | २१२,४००.०० | | | | बाँकी मौज्दात | |
| बाँकी खर्च :- | ६,७६१,२२३.६७ | | | | जम्मा बैक मौज्दात रु :- | |

★

# समिति/कार्यदल गठन

**(१) चिकित्सा विज्ञान सम्बन्धी विश्व विद्यालयको सम्भाव्यता अध्ययन कार्यदल**

नेपालमा चिकित्सा विज्ञान सम्बन्धी छुट्टै विश्व विद्यालय स्थापना र विकासका लागि सम्भाव्यता अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेस गर्न चिकित्सा विज्ञान सम्बन्धी विश्व विद्यालयको सम्भाव्यता अध्ययन कार्यदल गठन गर्ने नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७०।१०।१५ को निर्णयानुसार शिक्षा मन्त्रालयले त्रिभुवन विश्व विद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थानका पूर्व डिन प्रा.डा. रमेशकान्त अधिकारीको संयोजकत्वमा ९ सदस्यीय कार्यदल गठन गरेको छ। यस कार्यदलका अन्य पदाधिकारीहरूमा प्रा.डा. पूर्ण चन्द्र कर्माचार्य, पूर्व उपकुलपति, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान-सदस्य, प्रा.डा. अर्जुन कार्की, पूर्व उपकुलपति, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान-सदस्य, डा. चिरिक शोभा ताम्राकार, विश्व विद्यालय अनुदान आयोग-सदस्य, प्रा.डा. जगदिश अग्रवाल, त्रि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थान-सदस्य, डा. बाबुराम मरासिनी, सहसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय-सदस्य, प्रतिनिधि, सहसचिव, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय-सदस्य, डा. अन्जनी कुमार झा, अध्यक्ष, नेपाल चिकित्सक संघ-सदस्य र सहसचिव श्री महाश्रम शर्मा, शिक्षा मन्त्रालय-सदस्य सचिव रहनु भएको छ। यस कार्यदललाई चिकित्सा विज्ञान सम्बन्धी छुट्टै विश्व विद्यालयको स्थापना र विकास गर्न आवश्यकता र औचित्यसहित सम्भाव्यता अध्ययन गर्ने, सम्भाव्य देखिएमा त्यसको प्रारूप तयार गरी पेस गर्ने र मौजुदा अध्ययन संस्थान र अस्पताल मध्ये कुन-कुनलाई त्यस्तो विश्व विद्यालय अन्तर्गत समावेश गर्न उपयुक्त हुन्छ सो को यकिन गर्ने कार्यक्षेत्रगत सर्तहरू तोकिएको छ।

**(२) मेडिकल कलेज उच्चस्तरीय राष्ट्रिय मापदण्ड सिफारिस समिति**

मेडिकल कलेजलाई सम्बन्धन प्रदान गर्ने सम्बन्धमा जनशक्तिको आवश्यकता, भौगोलिक अवस्थिति र सन्तुलित विकास समेतलाई विचार गरी सरोकारवाला निकायहरूसँग समन्वय गरी राष्ट्रिय मापदण्ड सिफारिस गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७०।१०।१५ को निर्णयानुसार समिति गठन गर्ने सन्दर्भमा शिक्षा मन्त्रालयको मिति २०७०।१०।२० को (माननीय मन्त्रीस्तर) निर्णयानुसार पूर्व सचिव श्री जयराम गिरीको संयोजकत्वमा ८ सदस्यीय मेडिकल कलेज उच्चस्तरीय राष्ट्रिय मापदण्ड सिफारिस समितिको गठन गरिएको छ। यस समितिका अन्य पदाधिकारीमा सहसचिव, राष्ट्रिय योजना आयोग-सदस्य, सहसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय-सदस्य, प्रतिनिधि, नेपाल मेडिकल काउन्सिल-सदस्य, डिन, त्रिभुवन विश्व विद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान-सदस्य, डिन, काठमाडौं विश्व विद्यालय, स्कुल अफ मेडिकल साइन्सेज-सदस्य, प्रतिनिधि, नेपाल मेडिकल एसोसियसन-सदस्य र सहसचिव, शिक्षा मन्त्रालय-सदस्य-सचिव रहनु भएको छ। यस समितिको सचिवालय केशरमहलमा रहने, कार्यावधि कार्य प्रारम्भ भएको मितिले दुई महिनाको हुने, विज्ञहरूलाई आमन्त्रण गर्न सक्ने, समितिमा

खटिने सदस्य, विज्ञ तथा कर्मचारीले नियमानुसार भत्ता र अन्य सुविधा पाउने र समितिलाई आवश्यक पर्ने कर्मचारी शिक्षा मन्त्रालयले उपलब्ध गराउने व्यवस्था गरिएको छ।

यस समितिलाई तोकिएको कार्यक्षेत्रगत सर्तहरू निम्नानुसार रहेका छन् :

१. चिकित्सा विज्ञानको क्षेत्रमा आवश्यक पर्ने जनशक्ति, भौगोलिक अवस्थिति र सन्तुलित विकासलाई समेत विचार गरी चिकित्सा महाविद्यालय (कलेज/क्याम्पस) लागि राष्ट्रिय मापदण्ड तर्जुमा गर्न सिफारिस गर्ने,

२. चिकित्सा विज्ञानसम्बन्धी कार्यक्रम सञ्चालनका लागि स्थापना हुने मेडिकल कलेजहरूलाई विश्व विद्यालयहरूले प्रदान गर्ने सम्बधनका सम्बन्धमा अख्तियार गर्नुपर्ने नीतिका लागि सिफारिस प्रस्तुत गर्ने,

३. हाल सम्बन्धन प्राप्त गरी सञ्चालनमा रहेका मेडिकल कलेजहरूको गुणस्तरीयता, तोकिएको न्यूनतम् पूर्वाधारको अवस्था, अस्पतालले पुऱ्याएको सेवा सुविधा लगायतका विषयका सम्बन्धमा निरीक्षण र अनुगमनको प्रभावकारिताका लागि सिफारिस प्रस्तुत गर्ने।

# कर्मचारी सम्बन्धी गतिविधि

## १. सरुवा सम्बन्धी विवरण

मिति २०७०।८।१ देखि फागुन मसान्तसम्म शिक्षा मन्त्रालय र अन्तर्गतमा सरुवा भईआएका सहसचिव कर्मचारीहरूको विवरण

| क्र. सं. | पद | नाम थर | पूर्व कार्यालय |
|---|---|---|---|
| १ | सह-सचिव, शिक्षा मन्त्रालय | श्री खगराज बराल | परीक्षा नियन्त्रण कार्यालय |
| २ | नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय | श्री विष्णु बहादुर द्वारे | क्षेत्रीय शिक्षा निर्देशनालय, पश्चिमाञ्चल |

## २. बढुवा भएका सहसचिव कर्मचारीहरूको विवरण

बढुवा भएका शिक्षा मन्त्रालयका सहसचिव कर्मचारीहरूको विवरण

| क्र. सं. | नामथर | बढुवाको किसिम | बढुवा भएको पद | कैफियत |
|---|---|---|---|---|
| १ | गोविन्ददेव भट्ट | जेष्ठता र कार्यसम्पादन | सहसचिव | |
| २ | दिव्यकला बजिमय | जेष्ठता र कार्यसम्पादन | सहसचिव | |
| ३ | चुडामणि पौडेल | कार्यक्षमता | सहसचिव | |
| ४ | सुन्दरकुमार शाक्य | कार्यक्षमता | सहसचिव | |
| ५ | हरिप्रसाद लम्साल | आन्तरिक प्रतिस्पर्धा | सहसचिव | |

## ३. तालिम, गोष्ठी तथा अध्ययनमा कर्मचारीहरूको सहभागिता

दोस्रो चौमासिक अवधिमा तालिम, गोष्ठी तथा अध्ययनमा शिक्षा मन्त्रालयका कर्मचारीहरूको सहभागिता

| क्र. सं. | सहभागीको नामथर | तालिम/गोष्ठि/अध्ययनको शीर्षक | तालिम दिने संस्था | तालिम अवधि | तालिम मिति |
|---|---|---|---|---|---|
| १ | **विश्वरूप दाहाल**- शाखा अधिकृत | Professional Course on Management and Development | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ३० दिन | |
| २ | **बद्री बहादुर पाठक**- उपसचिव | प्रकोप व्यवस्थापन | राष्ट्रिय योजना आयोगको सचिवालय | ३ दिन | |
| ३ | **राजेन्द्र श्रेष्ठ** लेखापाल | सेवाकालीन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | ३० दिन | |
| ४ | **सरस्वती पोखरेल**- उपसचिव | ICT for Governance, Management and Development | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ५ दिन | |
| ५ | **इनरबाबा मल्ल**- शाखा अधिकृत | अनुगमन मूल्याङ्कन | शैक्षिक जनशक्ति विकासकेन्द्र | ४ दिन | |
| ६ | **निर्मला निरौला**- शाखा अधिकृत | अनुगमन मूल्याङ्कन | शैक्षिक जनशक्ति विकासकेन्द्र | ४ दिन | |
| ७ | **अनिल शर्मा**- उपसचिव | Training cum Workshop on Emotional Intelligence at Work | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ५ दिन | |
| ८ | **बौधराज निरौला**- उपसचिव | Developing Positive Attitude at Work | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ५ दिन | |
| ९ | **गोविन्दराम पनेरू**- कम्प्युटर अधिकृत | ICT for Governance, Management and Development | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ५ दिन | |
| १० | **गुरूप्रसाद मैनाली**- उपसचिव | ICT Application in Knowledge Management | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ३ दिन | |
| ११ | **दिनानाथ गौतम**- उपसचिव | Training Program on Strengthening Governance | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ५ दिन | |

## ४. वैदेशिक भ्रमणमा सहभागिता

दोस्रो चौमासिक अवधिमा वैदेशिक भ्रमणमा सहभागिता

| क्र. सं. | नामथर | पद | भ्रमणको विषय | देश | अवधि |
|---|---|---|---|---|---|
| १. | नारायण गोपाल मलेगो | सचिव | युनेस्को सम्बन्धी | फ्रान्स | |
| २. | महाश्रम शर्मा | सहसचिव | ग्लोबल पार्टिसिपेसन इन एजुकेसन | लाओस | |
| ३. | महाश्रम शर्मा | सहसचिव | विद्यार्थी वित्तीय सहायता योजना | बङ्गलादेश | |
| ४. | डा. लवदेव अवस्थी | महानिर्देशक | विद्यार्थी वित्तीय सहायता योजना | बङ्गलादेश | |

# ऐन/नियम/निर्देशिका/परिपत्र/कार्य विवरण आदि जारी

नेपालको शिक्षा प्रणालीलाई व्यवस्थित बनाउने सन्दर्भमा शिक्षा मन्त्रालयले आर्थिक वर्ष २०७०।०७१ को दोस्रो चौमासिकमा तल उल्लिखित नियमावली, निर्देशिका र परिपत्र जारी गरेको छ :

(१) विद्यालय समायोजन निर्देशिका, २०७०
(२) विद्यार्थी परीक्षणमा बाह्य विज्ञसँग सहकार्य गर्ने निर्देशिका, २०७०
(३) साक्षरतामा विद्यार्थीको सम्लग्नता सम्बन्धी निर्देशिका, २०७०
(४) विद्यालय शिक्षक किताबखानाको क्षतिपूर्ति सहितको नागरिक बडापत्र
(५) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को नियमावली संशोधन
(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी जिल्लाका विद्यालय अनुगमन तथा अनुसन्धान गर्दा देखिएका अनियमितताका सम्बन्धमा आवश्यक कारवाहीका लागि सम्बन्धित जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयहरूलाई मिति २०७०।११।२१ को शिक्षा मन्त्रालयको निर्णयानुसार १७ बुँदे निर्देशन।

# अध्ययन, अनुसन्धान तथा भ्रमण प्रतिवेदन

## १. कक्षा ३ र ५ का विद्यार्थीको राष्ट्रिय औसत उपलब्धि

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कक्षा ३ र ५ का विद्यार्थीहरूमा गरेको राष्ट्रिय उपलब्धि परीक्षणको संक्षिप्त नतिजा यस प्रकार रहेको छ :

कक्षा ३ र ५ का विद्यार्थीको राष्ट्रिय औसत उपलब्धिको प्रतिसत विवरण, २०७०

| क्षेत्रहरू | कक्षा ३ | | कक्षा ५ | | |
|---|---|---|---|---|---|
| | नेपाली | गणित | नेपाली | गणित | अङ्ग्रेजी |
| १. जम्मा औसत प्राप्ताङ्क प्रतिसत | ६३ | ६० | ५९ | ५३ | ५४ |
| २. लैङ्गिक आधारमा औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) केटाहरू | ६३ | ६० | ५८ | ५४ | ५५ |
| (ख) केटीहरू | ६४ | ६० | ६० | ५३ | ५३ |
| ३. भौगोलिक क्षेत्र अनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) हिमाल | ६१ | ६० | ६० | ५६ | ५१ |
| (ख) पहाड | ६० | ५५ | ५६ | ४९ | ४९ |
| (ग) काठमाडौं उपत्यका | ८० | ७७ | ७७ | ६८ | |
| (घ) तराइ/मधेश | ५७ | ५५ | ५२ | ४९ | ४६ |
| ४. ग्रामीण र सहरी स्थानका आधारमा औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) सहरी | ७५ | ७१ | ७३ | ६५ | ६७ |
| (ख) ग्रामीण | ५९ | ५६ | ५५ | ५० | ४५ |
| ५. विकास क्षेत्रअनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) पूर्वाञ्चल | ५४ | ५२ | ५१ | ४५ | ३९ |
| (ख) मध्यमाञ्चल | ५९ | ५६ | ५४ | ५१ | ४९ |
| (ग) पश्चिमाञ्चल | ६७ | ६४ | ६२ | ५७ | ५९ |
| (घ) मध्यपश्चिमाञ्चल | ५४ | ४६ | ५२ | ४६ | ४४ |
| (ङ) सुदूर पश्चिमाञ्चल | ५९ | ५८ | ५७ | ५१ | ४९ |
| (च) काठमाडौं उपत्यका | ८० | ७७ | | | |

| क्षेत्रहरू | कक्षा ३ | | कक्षा ५ | | |
|---|---|---|---|---|---|
| | नेपाली | गणित | नेपाली | गणित | अङ्ग्रेजी |
| ६. सामुदायिक र संस्थागत विद्यालयगत औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) सामुदायिक विद्यालय | ५७ | ५४ | ५४ | ४९ | ४४ |
| (ख) संस्थगत विद्यालय | ८० | ७५ | ७७ | ६७ | ७९ |
| ७. मातृभाषा समूहगत औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) नेपाली | ६६ | ६१ | ६३ | ५५ | |
| (ख) नेपाली बाहेक अन्य | ५७ | ५९ | ५२ | ५१ | |
| ८. जातजातिगत (Ethnic/caste) औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) ब्राह्मण | ७० | ६६ | ७१ | ६१ | |
| (ख) क्षत्री | | | ६२ | ५५ | |
| (ग) जनजाति | ६४ | ६१ | ६१ | ५२ | |
| (घ) दलित | ५९ | ५५ | ५४ | ५० | |
| (ङ) मधेसी | ६१ | ५८ | ५३ | ५१ | |
| (च) अन्य | ६० | ५४ | ५० | ५३ | |
| ९. A. सामाजिक आर्थिक अवस्था (आमाको साक्षरता) अनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) निरक्षर र सामान्य लेखपढ मात्र | ६२ | ५९ | ५४ | ४९ | |
| (ख) साक्षर (कक्षा १-१० नपुगेको) | ६३ | ६० | ५७ | ५२ | |
| (ग) कक्षा १० उत्तीर्ण | ७१ | ६७ | ६७ | ५८ | |
| (घ) एस.एल.सी. उत्तीर्ण | ७० | ६६ | ६६ | ५९ | |
| (ङ) उच्च योग्यता | ७५ | ७४ | ७३ | ६६ | |
| B. सामाजिक आर्थिक अवस्था (बाबुको साक्षरता) अनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) निरक्षर र सामान्य लेखपढ मात्र | ६२ | ५९ | ५४ | ४९ | |
| (ख) साक्षर (कक्षा १-१० मुनि) | ६३ | ६० | ५७ | ५२ | |
| (ग) कक्षा १० उत्तीर्ण | ७१ | ६७ | ६७ | ५८ | |
| (घ) एस.एल.सी. उत्तीर्ण | ७० | ६६ | ६६ | ५९ | |
| (ङ) उच्च योग्यता | ७५ | ७४ | ७३ | ६६ | |
| १०. सामाजिक आर्थिक अवस्था (आमाको पेसा) अनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) जागिर | ८० | ७६ | ७५ | ६५ | |
| (ख) शिक्षण | ६१ | ७६ | ७४ | ६५ | |
| (ग) व्यापार | ७५ | ७२ | ७१ | ६३ | |
| (घ) ज्यालादारी | ६५ | ६५ | ६३ | ६० | |
| (ङ) गृहणी | ६७ | ६३ | ६२ | ५५ | |
| (च) अर्काको घरमा काम गर्ने | ६० | ६७ | ५९ | ५६ | |
| (छ) वैदेशिक रोजगार | ६० | ५७ | ५७ | ५२ | |
| (च) कृषि | ६३ | ६० | ५७ | ५१ | |
| ११. सामाजिक आर्थिक अवस्था (बाबुको पेसा) अनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) जागिर | ७७ | ७४ | ७२ | ६३ | |
| (ख) शिक्षण | ७८ | ७३ | ६९ | ६३ | |
| (ग) व्यापार | ७५ | ७१ | ६७ | ६१ | |
| (घ) ज्यालादारी | ६५ | ६५ | ६३ | ५६ | |
| (ङ) गृहणी | ५९ | ५८ | ५१ | ४७ | |
| (च) अर्काको घरमा काम गर्ने | ६ | ६५ | ५६ | ४९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| (छ) वैदेशिक रोजगार | ६७ | ६१ | ६० | ५३ | |
| (च) कृषि | ६१ | ५८ | ५४ | ५० | |
| १२. घरमा भएका पढाइका लागि सहयोगी सामग्रीहरुको सङ्ख्या (जम्मा १२ ओटा सामाग्रीहरु) अनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) ०-५ सम्म सामग्री भएको | ६१ | ५७ | ५६ | ५१ | |
| (ख) ६-८ सम्म सामग्री भएको | ६९ | ६५ | ६४ | ५७ | |
| (ग) ९-११ सम्म सामग्री भएको | ६४ | ५६ | ६१ | ५७ | |
| १३. घरमा भएका साधनहरु अनुसार औसत प्राप्ताङ्क प्रतिसत (मोबाइल, टेलिभिजन र कम्प्युटर) | | | | | |
| (क) नभएको | ५५ | ५४ | ५३ | ४८ | |
| (ख) कुनै एक भएको | ६४ | ६१ | ४६ | ५१ | |
| (ग) कुनै दुईको | ६९ | ६७ | ५२ | ५८ | |
| (घ) कुनै तिन | ७५ | ७२ | ६३ | ६६ | |
| १४. विद्यालय समयभन्दा अगाडि र पछाडि विद्यार्थीले घरमा गर्ने कार्य अनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) घरमा कामै नगर्ने/समयनै नदिने | ६० | ५५ | ५५ | ४७ | |
| (ख) १ घण्टाभन्दा कम | ६६ | ६३ | ६३ | ५५ | |
| (ग) १ देखि २ घण्टा | ६८ | ६५ | ६२ | ५८ | |
| (घ) २ देखि ४ घण्टा | ६६ | ६० | ६० | ५२ | |
| (ङ) ४ घण्टाभन्दा बढी | ६२ | ५९ | ५६ | ४९ | |
| १५. विद्यार्थीको उमेर अनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) ९ वर्ष पुरा नभएको | ५६ | ५२ | ५२ | ४९ | |
| (ख) १० वर्ष पुरा नभएको | ६१ | ५६ | ५७ | ५३ | |
| (ग) ११ वर्ष पुरा नभएको | ६४ | ६१ | ६२ | ५६ | |
| (घ) १२ वर्ष पुरा नभएको | ६४ | ६१ | ६१ | ५३ | |
| (ङ) १३ वर्ष पुरा नभएको | ६२ | ५९ | ५८ | ५२ | |
| (च) १४ वर्ष पुरा नभएको | ६० | ५८ | ५६ | ५० | |
| (छ) १५ वर्ष पुरा नभएको | ५७ | ५५ | ४८ | ४६ | |
| १६. पढ्दा नबुझेका कुराहरूमा सहयोग लिने व्यक्ति अनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) कसैको पनि सहयोग नलिने | ६७ | ६३ | ६३ | ५४ | |
| (ख) ट्युसन | ६५ | ६१ | ६३ | ५८ | |
| (ग) दाजु र दिदी | ६६ | ६१ | ५९ | ५६ | |
| (घ) आमा | ६० | ५८ | ६१ | ५५ | |
| (ङ) शिक्षक | ६६ | ६१ | ५९ | ५० | |
| (च) बाबु | ६० | ५९ | ५६ | ५२ | |
| १७. पाठ्य पुस्तकको उपलब्धताअनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) उपलब्ध छ | ६५ | ६१ | ६१ | ५४ | |
| (ख) उपलब्ध छैन | ५४ | ५४ | ४७ | ४५ | |
| १८. गृहकार्य दिने र जाँच गर्ने अवस्था अनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) दिइँदैन/जाँच गरिदैन | ५२ | ५८ | ६० | ४१ | |
| (ख) दिइन्छ र जाँच पनि गरिन्छ | ६४ | ६५ | ४६ | ५६ | |
| १९. (Bullying) बुलिङ (विद्यालयमा हेप्ने, हप्काउने, पिट्ने, मन नपर्ने कार्य गर्न लगाउने आदि) अनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) हुँदैन | ६९ | ५६ | ६२ | ५६ | |
| (ख) हुन्छ (१०० प्रतिसत हुन्छ भन्नेको) | ५८ | ३८ | ३६ | ३८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. संज्ञानात्मक तहअनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) ज्ञान | ७२ | ५९ | ७१ | ६५ | ६४ |
| (ख) बोध | ६५ | ६४ | ६३ | ५९ | ५० |
| (ग) प्रयोग | ८६ | ५३ | ६१ | ५२ | ४९ |
| (घ) उच्च दक्षता | ३७ | | ४७ | ४० | ३५ |
| २१. प्रश्नको प्रकार अनुसार औसत प्राप्ताङ्क प्रतिसत | | | | | |
| (क) वस्तुगत | ७१ | ६६ | ६२ | ६२ | ५९ |
| (ख) विषयगत | ५१ | ५४ | ४४ | ४४ | ४४ |

| २३. अन्तरराष्ट्रिय अवस्थासँग तुलना | | | | | |
|---|---|---|---|---|---|
| | नेपाली | गणित | नेपाली | गणित | अङ्ग्रेजी |
| अन्तरराष्ट्रिय औसत भन्दा | | | न्यून | उच्च | उच्च |
| विषय क्षेत्र | पढाइ (-१.६१)<br>व्याकरण (-१.६७)<br>लेखाइ (-१.६६)<br>शब्द भण्डार (-१.६७) | बीजगणित (-०.४५)<br>ज्यामिति (-०.७५)<br>अङ्क गणित (-०.६२)<br>सङ्ख्याको ज्ञान (-०.६१) | पढाइ (०.८८)<br>व्याकरण (०.१९)<br>लेखाइ (०.९७)<br>शब्द भण्डार (०.३३) | बीजगणित (०.०५)<br>ज्यामिति (०.१६)<br>अङ्क गणित (०.१७)<br>सङ्ख्याको ज्ञान (०.१६) | पढाइ (-१.४९)<br>व्याकरण (-१.४५)<br>लेखाइ (-१.४१)<br>शब्द भण्डार (-१.४४) |
| २४. विषयक्षेत्र अनुसार उपलब्धि प्रतिसत | पढाइ (६४)<br>व्याकरण (५४)<br>लेखाइ (६५)<br>शब्द भण्डार (६०) | बीजगणित (४०)<br>ज्यामिति (६०)<br>अङ्क गणित (६१)<br>सङ्ख्याको ज्ञान (५४) | पढाइ (५०)<br>व्याकरण (५७)<br>लेखाइ (४९)<br>शब्द भण्डार (५८) | बीजगणित (४९)<br>ज्यामिति ५७)<br>अङ्क गणित (५४)<br>सङ्ख्याको ज्ञान (४४) | पढाइ (५०)<br>व्याकरण (५७)<br>लेखाइ (४९)<br>शब्द भण्डार (५८) |

अन्तरराष्ट्रिय परीक्षणसँग तुलना (गणित र सामाजिकलाई TIMSS सँग र नेपालीलाई PISA सँग) (शून्यलाई अन्तरराष्ट्रिय औसत प्राप्ताङ्क मानिएको (-) चिह्नले औसत भन्दा न्यून जनाउँछ)।

## २. विद्यालय बाहिर रहेका बालबालिका

युनिसेफका कार्यक्रमहरू सञ्चालित विभिन्न जिल्लाहरूमा विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था बारे भर्खरै गरिएको एक स्थलगत अध्ययनले केही महत्त्वपूर्ण सवालहरूमा नीतिगत तथा कार्यगत परिवर्तनको खाँचो औल्याएको छ। उक्त अध्ययनले विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्थाबारे निम्न महत्त्वपूर्ण तथ्यमाथि प्रकाश पारेको छ :

विद्यालय बाहिर रहेका बालबालिकाहरूको कुरा गर्दा तिन प्रकारका अवस्थाहरू पाइन्छ। **क) विद्यालय भर्ना नभएका:** यस्ता विद्यार्थीहरूको सङ्ख्या ज्यादै न्यून छ। शिक्षा विभागले प्रकाशित गरेको फ्ल्यास रिपोर्ट अनुसार ९५ प्रतिसत भन्दा बढीको खुद भर्ना दरले पनि या कुरा स्पस्ट पार्दछ। **ख) विद्यालय भर्ना भएर छाडेका** : यस्ता विद्यार्थीहरूको सङ्ख्यामा विगत दशकौं देखिको प्रयत्नका बाबजुत उल्लेख्य प्रगति हासिल गर्न सकिएको छैन । शिक्षा विभाग, केन्द्रीय तथ्याङ्क विभाग लगायत विभिन्न स्रोतहरूमा तथ्याङ्कीय एकरूपता नहुँदा विद्यालय छाडेका विद्यार्थीहरूको तथ्याङ्क यकिन साथ भन्न सक्ने अवस्था छैन। साथै विद्यालय स्थानान्तर भएका विद्यार्थीहरूको लागत राख्ने र ट्र्याकिङ् गर्ने उपाय नभएको कारणले पनि विद्यालय छाड्का विद्यार्थीहरूको सङ्ख्या यकिन गर्न सकिँदैन। तथापि विभिन्न अध्ययन प्रतिवेदन लगायत यसै अध्ययनका आधारमा पनि निश्चित भन्न सकिन्छ लगभग २० प्रतिसत विद्यालय जाने उमेरका (५-१२ वर्षका) बालबालिकाहरू विद्यालय छाडेर बसेका छन्। **ग) विद्यालय भर्ना भएका तर उपस्थित ज्यादै न्यून भएका** : यस्ता विद्यार्थीहरूको सङ्ख्या अझ बढी डरलाग्दो छ। विद्यालयको गुणस्तर, शिक्षकको अनुपस्थिति, अभिभावकहरूको बेवास्ता, तथा स्थानीय संस्कार परम्परा जस्ता कारणले भर्ना भए पनि नियमित नहुने विद्यार्थीहरूको सङ्ख्या प्रशस्त छ। विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय अध्ययनहरूले विद्यालयमा नियमित उपस्थित नहुनुलाई विद्यालय छाड्ने प्रमुख सूचक (Indicator) का रूपमा स्थापित गरेका छन्। यसर्थ, विद्यालयमा नियमित नहुनेहरूको सङ्ख्या बढी हुनु राम्रो लक्षण होइन।

### कहाँ छन् त विद्यालय छाडेर बसेका विद्यार्थीहरू ?

मध्यमाञ्चलका तराईका जिल्लाहरू, खास गरेर रौतहट, सर्लाही, महोत्तरी, धनुषा, बारा र पर्सा र जिल्लामा सबैभन्दा बढी (२० प्रतिसत वा बढी) विद्यालय जाने उमेरका (५-१२ वर्षका) बालबालिकाहरू विद्यालय बाहिर रहेका छन्। सङ्ख्यात्मक आधारमा रौतहट र सर्लाहीमा ४०, ००० भन्दा बढी र महोत्तरी र धनुषामा ३५,००० भन्दा बढी बालबालिकाहरू विद्यालय बाहिर रहेका छन्। यी ६ ओटा जिल्लाहरूमा विद्यालय बाहिर रहेका बालबालिकाहरूको कुल सङ्ख्याको लगभग ३७ प्रतिसत रहेकाछन्।

### कस्ता बालबालिकाहरू विद्यालय बाहिर बसेका छन् त ?

आर्थिक रूपले विपिन्न र सामाजिक हिसाबले पिछडिएका परिवारका बालबालिकाहरू नै सबैभन्दा बढी विद्यालय बाहिर बसेका छन्। यस्ता परिवारमा दैनिक परिश्रम जीवन यापनको एक मात्र स्रोत हुने गरेको र विद्यालय समय र कामको समयको बिचको तालमेल नमिल्नले बालबालिकाहरू विद्यालय छाडेर बस्न बाध्य छन्। कामको सिलसिलामा विद्यालय छाड्ने मात्र नभइ देशै छाड्ने प्रवृत्ति दिनानुदिन बढ्दै गइरहेको छ। यसरी देशै छाड्नेहरूमा विपन्न वर्गका मात्र नभइ हुने खानेहरूका बालबालिकाहरू पनि छन्। सुदूर पचिमाञ्चलका बझाङ, बाजुरा, बैतडी, डोटी जिल्लाहरूमा कामका लागि बम्बै जाने चलन दशकौंदेखि चल्दै आएको हो। यो क्रम आज पनि कायमै छ। गाउँ-गाउँमा खुलेका विद्यालयहरूले यो क्रममा अझै सुधार ल्याउन सकेका छैनन्।

### किन बालबालिकाहरू विद्यालय बाहिर रहेका छन त ?

विद्यालयीय शिक्षा र स्थानीय (पारिवारिक) आवश्यकता (सामाजिक तथा आर्थिक परिवेस) का बिच तालमेल नमिल्नु। विद्यालयमा सिकेका कुराहरूले सामाजिक विकृतिलाई रोक्ने वा परिवारको आर्थिक उन्नतीमा तत्काल सहयोग हुने ठोस आधार स्थापित गर्न नसक्नु, विद्यालयहरूको दयनीय अवस्था र गिर्दो गुणस्तर र विद्यालयीय शिक्षाप्रति अभिभावकहरूको बढ्दो अविश्वास आदि प्रमुख कारण हुन्।

### अब के गर्ने त ?

पाठ्यक्रमलाई स्थानीयकरण गर्ने। यस अनुसार पाठ्यक्रमको कम्तीमा ८० प्रतिसत पाठ्य भार स्थानीयकरण गर्ने। शिक्षालाई स्थानीयकरण गर्ने। शिक्षालाई स्थानीय भौगोलिक बनोट तथा आर्थिक सम्भावनालाई समेटने गरी स्थानीय तहमै निर्माण गर्ने वातावरण तयार गर्ने। शिक्षालाई अक्षर र अङ्क चिन्ने भन्दा पनि आधारभूत सिप सिक्नका लागि तयार गर्ने।

## शिक्षा मन्त्रालयको दोस्रो चौमासिक प्रगति विवरण

| क.सं. | कार्यालय/आयोजना तथा कार्यक्रम | बजेट शिर्षक | प्रथम चौमासिक विवरण प्रतिशत | | दोस्रो चौमासिक विवरण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| १ | शिक्षा विभाग<br>विद्यालय क्षेत्र सुधार कार्यक्रम केन्द्रस्तर | ३५०१२१ | ४३.०८ | २१.४२ | ५९.४६ | १७.३८ |
| | सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम (विभाग) | ३५०१०५ | - | - | १०० | नआएको |
| | विद्यालय क्षेत्र सुधार कार्यक्रम जिल्लास्तर | ३५१०३३ | ८० | ७६.५ | ८१.०० | ७१.३२ |
| | दोस्रो उच्च शिक्षा परियोजना | ३५०११६ | - | - | १०० | नआएको |
| २. | शैक्षिक जनशक्ति विकास केन्द्र (केन्द्रस्तर) | ३५०१२१ | ९६.७८ | २९.८६ | ४९.० | ३१.०० |
| ३. | पाठ्यक्रम विकास केन्द्र<br>विद्यालय क्षेत्र सुधार कार्यक्रम (केन्द्रस्तर) | ३५०१२१ | २५ | ०.०३ | २७.५ | ४.२१ |
| | सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम TEVT soft skills (पा.वि.के.) | ३५०१०५ | - | - | ८०.४२ | ६९.०० |
| ४. | परीक्षा नियन्त्रण कार्यालय | ३५००१५ | - | - | ९२.४ | ११७.१ |
| | परीक्षा नियन्त्रण कार्यालय | ३५०१२१३ | ८३.८९ | १३.१० | ८३.६७ | ६३.५३ |
| ५. | अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता अभियान | ३५०११२ | ८८.१९ | ७० | ४० | ३७ |
| ६. | शिक्षक सेवा आयोग | ३५००३०२/४ | | ६९.३१ | ६९.३१ | ७६७८.६६ |
| ७. | विद्यालय शिक्षक किताबखाना | ३५००२२४ | ८३.३३ | ८८.२२ | ० | ० |
| | विद्यालय शिक्षक किताबखाना | ३५००२२३ | ५५.५० | ४२.७६ | ८६.२३ | ० |
| ८. | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ३५०१२१ | ५५ | ० | ६० | ९.३२ |
| ९. | उच्च माध्यामिक शिक्षा परिषद् | ३५०१०८ | ८३.७२ | ४५.०१ | ८३.४४ | ३१.७६ |
| १०. | शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना | ३४०११३/४ | | नखुलेको | नखुलेको | ९०११० |
| ११. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् शिक्षालयहरू समेत केन्द्र | ३५०१०९ | नखुलेको | नखुलेको | ३४.५२ | ९४.६५ |
| | विशेष कार्यक्रम | ३५०१०९ | नखुलेको | नखुलेको | ३१.१० | ३८.०८ |
| | शिक्षालयहरू | ३५०१०९ | नखुलेको | नखुलेको | ८५.६६ | ० |
| १२. | विश्व विद्यालय अनुदान आयोग | ३५००१९ | ७४.१२ | ८४.५७ | ९९.४८ | ९९.६८ |
| | दोस्रो उच्च शिक्षा परियोजना | ३५०११६ | | | | |
| १३. | व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना | ३५०१३५ | ७५.६० | ६५.८३ | ८१.६० | ६१.४१ |
| १४. | केशर पुस्तकालय | ३५००२५३/४ | १०५ | १०५.६६ | १०६.६८ | ९८.९५ |
| १५. | जनक शिक्षा सामग्री केन्द्र | | प्रगति प्राप्त नभएको | | २५.८२ | ० |
| १६. | डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय | ३५००२५ | ८७ | ९७ | ६४ | ७६ |
| | डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय | ३५००११३ | | | ६३ | ६३ |
| १७. | सिप विकास परियोजना | ३५०१३६३ | नभएको | | उल्लेख नभएको | |
| १८. | नेपाल राष्ट्रिय पुस्तकालय | ३५००२५३/४ | १०० | १०० | नभएको | |

**प्रथम चौमासिक**
**जम्मा भौतिक प्रगतिः** ७२.९३%
**जम्मा वित्तीय प्रगतिः** ५५.१०%

**दोस्रो चौमासिक**
**जम्मा भौतिक प्रगतिः** ६८.४%
**जम्मा वित्तीय प्रगतिः** ४६.८%


| प्रधान सम्पादक | सम्पादन | प्रकाशक |
|---|---|---|
| श्री खगराज बराल | श्री कर्णबहादुर भुवाजी<br>श्री लाजवन्ती दाहाल<br>श्री मैया कुमारी श्रेष्ठ (राजथला) | नेपाल सरकार<br>शिक्षा मन्त्रालय<br>सिंहदरबार, काठमाडौं |



शैक्षिक सूचना व्यवस्थापन शाखा, फोन नं.: ०१-४२००३८७, फ्याक्स नं.: ०१-४२००३४०
ईमेल : infomoe@moe.gov.np वेबसाइट : www.moe.gov.np